# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल, नेपाल

सचिव वैठक न : २७
मिति: २०७६।०१।०२

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री किशोर जोशी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री प्रदिप शर्मा, | नि.सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री टिकाराम अर्याल | नि. सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री भिमार्जुन पाण्डे | नि. सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरि घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

<u>निर्णयहरु</u>

१. चालू वर्षको वार्षिक कार्यक्रम तथा बजेट सम्वन्धमा :

क. चालू आ.व.का कार्यक्रम तथा आयोजनाहरुको वजेट शीर्षक नमिलेको वा उपशीर्षक मिलाउनु पर्ने वा कार्यक्रम कार्यान्वयन गर्न नसक्ने भएमा त्यस्ता कार्यक्रमबाट मन्त्रालय अन्तर्गतकै अन्य कार्यक्रममा रकमान्तर गरी कार्यान्वयन गर्नेगरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा संशोधन स्वीकृतीका लागि पठाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दिने ।

ख. चालू आ.ब.मा कार्यान्वयन हुन नसक्ने कार्यक्रमहरु वा अन्य प्रशासनिक खर्चका लागि छुट्टयाईएको मध्येवाट बचत हुने बजेट रकम एकिन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा आगामी बैशाख १५ भित्र पठाउने ।सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने ।

२. आगामी वर्षको नीति तथा कार्यक्रम सम्वन्धमा : आगामी आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमको मस्यौदा १५ दिन भित्र तयार गरी पठाउन सबै मन्त्रालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुरोध गरिएको छ । उक्त नीति तथा कार्यक्रम तयार गर्दा संविधानका अधिकार सूची, कार्यविस्तृतीकरण प्रतिवेदन, गत आ.व. तथा चालू आ.व.को नीति कार्यक्रमको कार्यान्वयनको अनुभव, प्रदेशको आवधिक योजना लगायतलाई मार्गदर्शनका रुपमा लिई तोकिएको मितिभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. आगामी आ.व.को आय व्यय विवरण तथा कार्यक्रम सम्वन्धमा :

क. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार हुने चालू आ.ब.को प्रथम ८ महिनाको खर्च र सो खर्चबाट भएका उपलब्धीहरु सहितको विवरण उक्त मन्त्रालयले माग गरेको समय र ढाँचामा उपलब्ध गराउने । सबै मन्त्रालय वा निकायबाट प्रगति विवरणहरु प्राप्त भएपछि उक्त मन्त्रालयले विश्लेषण सहित पुस्तकाकारका रुपमा तयार गर्ने ।

ख. चालू आ.व.को बजेट, नीति तथा कार्यक्रमलाई प्रदेशको अधिकार सूची, कार्यविभाजन नियमावली आदिका आधारमा पुन: समिक्षा गरी त्यसलाई निरन्तरता दिने, नदिने विषयमा ध्यान दिई तयार गर्ने ।

ग. कार्यक्रमहरु वनाउँदा एकिकृत गरी एउटै उपशिर्षक भित्र गाभ्न सकिने कार्यक्रमहरु एकै ठाउँमा राख्दा प्रशासनिक खर्च बचत हुने, सीमित जनशक्तिबाट पनि व्यवस्थापन गर्न सकिने र परिणाम समेत देखिने भएकाले सकेसम्म थोरै उपशीर्षकभित्रै व्यवस्थित गर्ने । यसो गर्दा मुख्य कार्यक्रम र सोभित्र सहायक कार्यक्रम बनाई आयोजनाको संख्या सानो बनाउन सकिने ।

ग. मध्यमकालीन खर्च संरचना (MTEF) लाई आधार मानी तीन वर्षीय खर्च संरचना आगामी आ.व. को वजेट तयार गर्नु अगावै निर्माण गर्ने । यसका लागि केन्द्रको सहयोग र आवश्यक परे विज्ञको सेवा लिने ।

४. आवधिक योजना सम्वन्धमा : प्रदेश योजना आयोगबाट तयार पारी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत प्रदेशको प्रथम आवधिक योजनाको आधारपत्र (२०७६/७७-२०८०/८१) सबै मन्त्रालयमा पठाईसकिएको छ ।सो आधारपत्रका आधारमा विषय क्षेत्रगत कार्यक्रमहरुको

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

पहिचान गर्नुका साथै सूचकहरु समेत परिमार्जन गर्नुपर्ने भए गरी १० दिन भित्र प्रदेश योजना आयोगमा पठाउने ।

५. नेपाल सरकारको निर्णयबाट प्रदेश नं ५ को आर्थिक मामिला तथा योजना मन्त्रालयमा सरुवा भई आउनु भएका सचिव श्री किशोर जोशीलाई स्वागत गर्ने ।

६. विविध :

क. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट चालू आ.व.को आर्थिक सर्भेक्षण वा उपलब्धीहरुको विश्लेषण गर्नका लागि माग भएको विवरण उपलब्ध गराउने र सबै मन्त्रालयहरुले एक/एक जना उपसचिव र शाखा अधिकृतलाई सम्पर्क व्यक्ति तोकी सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

ख. मन्त्रालयहरुले सार्वजनिक रुपमा सुसूचित गर्नुपर्ने सूचनाहरु सम्प्रेषण गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गरी सामुदायिक रेडियोहरुको सञ्जाल समेतको प्रयोग गर्न सकिने।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल

७५।१।१४

प्रमुख सचिव